## प्रश्न नं. ८९

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं.१०७३६ देखि १०८५७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

बमबहादुर विश्वकर्माको जाहेरीले नेपाल सरकार

बिरुद्ध

पाँचथर जिल्ला पौवासारताप नगरपालिका वडा नं. १ बस्ने शुक्तराज विश्वकर्मा

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मिति २०७५।८।५ गतेका दिन राति मेरी दिदी सोममाया वि.क.लाई कर्तव्य गरी मारेको भन्ने सुनी जानकारी पाई मिति २०७५।८।६ गतेका दिन उक्त घटनास्थलमा आई हेर्दा आँखाको कोस नीलो भई सुन्निएको नाक, कानबाट रगत बगेको, घाँटीमा डोरीको डाम नभई औंलाको डाम जस्तो देखिएको, अन्य शरीरको भागसमेत हेर्दा कर्तव्य गरी मारेको पुष्टि हुन आएको हुँदा अपराधीलाई पक्राउ गरी कानूनबमोजिम कारवाही होस् भन्ने समेतको बमबहादुर विश्वकर्माको जाहेरी दरखास्त
- जिल्ला पाँचथर, पौवासारताप गा.वि.स.वडा नं. १ स्थित प्रतिवादी शुक्रराज वि.क.को घरको दक्षिणपट्टि साइडमा लाछी गाँसेको, सोही लाछी गाँसेको ठाउँको कोठाभित्र मृतकको लास खाटमा सुताई राखेको, मृतकको लासलाई सरसर्ती हेर्दा दुवै आँखाको कोस सुन्निएको, नाक कानबाट रगत निस्केको, कानको जोर्नी भागमा नीलो भई सुन्निएको, घाँटी टाउको हल्लाउँदा भाँचिएको जस्तो भई हल्लिने भएको भन्ने समेत व्यहोराको लास प्रकृति मुचुल्का ।
- मस्तिष्कमा रक्त आपूर्ति राम्ररी हुन नसकी स्नायु प्रणालीले काम गर्न नसकी निजको मृत्यु भएको व्यहोरा प्रमाणित गरिन्छ भन्ने समेत व्यहोराको शव परीक्षण प्रतिवेदन ।
- मेरो श्रीमतीलाई आजभन्दा १० वर्ष अगाडि चिलिङदिन, ३ बस्ने पहलमान वि.क.को छोरी सोममाया वि.क.सँग लभम्यारिज गरी भगाई ल्याएकोमा दुई वटा बालबच्चा समेत भैसकेको छ । आजभन्दा १ महिना अगाडि म र मेरो श्रीमती राँके बजार गएको बखत मैले पहिलादेखि नै चिनजान भएको राई जातकी केटीलाई भेटी निजसँग गफगाफ गरेकोमा सो कुरा श्रीमतीलाई चित्त बुझेको थिएन । सोही विषयलाई लिएर हामी दुवैबीच वादविवाद हुँदा मिति २०७५।८।५ गतेका दिन मैले रिसले श्रीमतीलाई एक झाप्पु दिएँ । निज रून थालिन् । त्यसपछि म कोठामा गएँ । निज रिसले गाउँमा गई रक्सी खाई

**प्रश्न नं. ८९**

एक बोतल रक्सी समेत लिई आई र मलाई पनि रक्सी खानु भनी । मैले रक्सी खान्न भन्दा तँ मैले दिएको के खान्थिस्, तेरी श्रीमतीले दिएको पो खान्छस् भनी जवाफ दिएकी हुँदा मलाई रिस उठी निजलाई घाँटीमा बाँधी छानाको बाँसको बलोमा झुण्डयाई पछि आमालाई बोलाई डोरी काट्न लगाई भूँई खाटमा राखी अन्य गाउँका मानिसहरूलाई बोलाई हो हल्ला गरेको हुँ । मैले नै मेरो श्रीमतीलाई कर्तव्य गरी मारेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी शुक्रराज वि.क.को साविती बयान ।

- मिति २०७५।८।५ गतेका दिन राति होहल्ला हुँदा के भएछ भनी जाँदा शुक्रराज वि.क.को श्रीमती झुण्डी आत्महत्या गरी मरेको भनी खाटमा सुताई राखेको थियो । हेर्दा आफैँ मरेको जस्तो लागेको थिएन । हाल बुझ्दै जाँदा प्रतिवादीले नै श्रीमतीलाई मारेको भन्ने निजबाट खुल्न आएको हुँदा निजलाई कानूनबमोजिम कारवाही होस् भन्ने समेत व्यहोरको एकै मिलानको वस्तुस्थिति मुचुल्का ।
- बुझिएका सबूद प्रमाणबाट , मौकामा कागज गर्नेवीरमान वि.क., चन्द्रबीर वि.क., राजेन्द्र नेम्वाङ्ग,झिम्कीमाया वि.क.बाटप्रतिवादी शुक्रराज वि.क.ले आफ्नो श्रीमती सोममाया वि.क.लाई घाँटीमा अठ्याई कर्तव्य गरी मारेको देखिई निजले मुलुकी अपराध फौजदारी सहिताको २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरममा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँभन्ने अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- पाँचथर जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत इलाममा गरेको पुनरावेदनपत्र